# समाचार सन्देश

वर्ष १४, अङ्क १० आई.पी.एस्. लेख रचनाको सँगालो, पुस १७–माघ १, २०६४ (जनवरी १–१५, २००८)

# चीनको अर्थतन्त्र इन्धनको मूल्यवृद्धिबाट प्रभावित

– आन्टोनेटा बेज्लोभा

बेजिङ (आई.पी.एस्./एन्.पी.आई.) – चीन आनो सवल अर्थतन्त्रप्रति गर्व गर्दै आएको छ। तर अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यवृद्धि एवं उतार-चढाबका कारण अर्थतन्त्र प्रभावित हुन थालेपछि भने ऊ झस्केको छ।

अन्तर्राष्ट्रिय बजारमा जनबरीको सुरुमा पेट्रोलको मूल्य प्रतिव्यारेल सय अमेरिकी डलर पुगेपछि चिनिया अधिकारीहरू झस्केका हुन्।

'चीनले कहिल्यै इन्धन अभावको अनुभूति गरेको छैन। त्यसैले इन्धनको अभाव यसका लागि चुनौतीको विषय हुन आउँछ,' यिन्हे सेक्युरिटिजका प्रमुख अर्थशास्त्री जुओ जिआओलेई भन्छन्- 'हाम्रो मुलुकमा इन्धन-सटका लागि राम्रो योजना बनाइएकै छैन। तेलको मूल्य बढ्दै गएका कारण जुन प्रभाव पर्छ, त्यसको असर हामीकहाँ जबरजस्त हुनेछ।'

अमेरिकाले १९७६ बाटै जगेडा तेलका लागि संचय प्रणाली सुरु गरेको होभने जापानले १९८० बाट यो काम थाल्यो। चीनले भने आज आएर बल्ल यस सम्बन्धमा केही खाका तयार पारेको छ। यदि अन्तर्राष्ट्रिय बजारमा इन्धनको अभाव भयो भने चीनले आधा महिनाभन्दा बढी धान्न सक्तैन। मुलुकको शक्तिशाली भनिएको अर्थतन्त्र एकैचोटि थचक्क भुईंमा बस्छ।

सन् २००३ मा जापानलाई उछिन्दै चीन विश्वमा सर्वाधिक इन्धन खपत गर्ने दोस्रो ठूलो मुलुक भयो। यसले गत वर्ष ५० प्रतिशत तेल अन्तर्राष्ट्रिय बजारबाट मगायो भने बााकी आन्तरिक आपूर्ति गर्‍यो।

गएको चार वर्षदेखि १० प्रतिशतभन्दा बढी आर्थिक वृद्धिदरको आनन्द उठाउँदै आएको यो मुलुकमा प्रतिवर्ष १५ प्रतिशतका दरले इन्धनको माग बढिरहेको छ।

प्रतिव्यारेल पेट्रोल १०० रुपियाँ पुग्नु मुलुकको अर्थतन्त्रमा दीर्घकालीन विकासका लागि वाधक छ। अर्थतन्त्रको विकासमा इन्धनको मूल्य एक कठोर अवरोध सावित भएको छ। यस अवस्थालाई ख्याल गर्दै चीनले आन्तरिक उत्पादनको मात्रा बढाउनु र वैकल्पिक उर्जाका सम्बन्धमा सोच्नु आवश्यक छ।

चीनको अर्थतन्त्र बलियो हुनुको पहिलो कारण यसका उत्पादनले निर्यात बजारमा प्रभाव जमाउनु नै हो। यसबीच चीनले उत्पादनका लागि स्वदेशी बजार नै बलियो बनाउने र बाहिरी साझेदारहरूसँगको झन्झटमा नफस्ने मानसिकता पनि बनाएको छ। अमेरिका र युरोपमा चिनिया सामानको बजार विस्तार भएपछि चीनलाई एक प्रतिस्पर्धीका रूपमा हेर्ने र उनीहरूको पैसा आनो मुलुकमा लगेर थुपार्ने मुलुक भनेर विश्लेषण गर्ने गरेका छन्।

स्वदेशी बजार विस्तार गर्ने योजनालाई इन्धनको मूल्यमा भएको वृद्धिले प्रतिकूल असर पारेको छ। 'इन्धनका कारण लागत मूल्यमा वृद्धि हुने भएकाले विक्री मूल्य नबढाउने हो भने अन्य पक्षमा खर्च घटाउनु

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन्।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं।**

**– सम्पादक**

आवश्यक हुन्छ,' जनबरीको दोस्रो साता प्रकाशित बेजिङ युथ दैनिकले आनो सम्पादकीयमा लेखेको छ ।

विगत वर्षदेखिनै चिनिया अधिकारी र उद्यमीहरूका लागि चुनौती बन्दै आएको विषय इन्धनको मूल्य नै हो । यसमा हुने उतारचढावले बस्तुको मूल्य प्रभावित हुनपुग्छ जसले गर्दा उत्पादनको स्थिर मूल्य कायम हुनसक्दैन । कुनै उत्पादनको मूल्य अस्थिर हुनु अर्थतन्त्रका लागि अनुकूल हुदैन । २००७ को भण्डै सबै महिनामा मुद्रास्फीति भैरह्यो र यसको दर यस दशककै सबैभन्दा अधिक हुनपुग्यो । जस्तो नोभेम्बर महिनामा उपभोक्तामूल्य ६.९ प्रतिशतले बढ्न पुग्योभने अक्टोबरमा यसको प्रतिशत ६.५ थियो ।

१९९० को दशकको सुरुमा २० प्रतिशतभन्दा अधिक मुद्रास्फीति भएको थियो । यसो हुनुको पछाडि शहरी तथा ग्रामीण क्षेत्रमा रहेका गरिब उपभोक्ताको सामाजिक अस्थिरता कारण थियो । १९८० को दशकको अन्त्यमा सिर्जनाभएको मुद्रास्फीतिले अर्थतन्त्रलाई नै डामाडोल बनायो । त्यसो हुनुमा पनि सामाजिक अस्थिरतानै कारण थियो । त्यो अस्थिरता तियानमेन चोकमा भएको अमानवीय कदमसँगै समाप्त भयो ।

केही अर्थशास्त्रीका विचारमा मुद्रास्फीतिको भित्रि प्रभाव इन्धन र खाद्यवस्तुमा पर्दछ । खाद्यवस्तुको उत्पादनको माग त्यसको मूल्यमा आउने परिवर्तनले खासै असर पर्दैन । मूल्य बढ्यो भनेर मानिस आधा पेट खाएर उठ्दैन । त्यसैगरी इन्धन लगानीको परिमाण पनि घटाउन सकिँदैन ।

चीनमा खाद्यबस्तुका लागि कमाइको ठूलो परिमाण खर्चगर्ने गरिन्छ । चिनियाहरूको भोजन संस्कृतिले पनि यही तथ्य सावित गर्दछ । चिनिया प्रेसले प्रकाशित गरेको रिपोर्ट अनुसार इन्धनमा भएको मूल्य वृद्धिले खाद्यबस्तुको पनि मूल्य बढेको छ । कृषकहरूको उत्पादन बजारसम्म ल्याउँदा ढुवानी भाडाका कारण उनीहरूले पुरानो मूल्यमा बस्तु बिक्रीगर्न नसक्ने भएका छन् ।

'डिजेलको भाउ बढेका कारण मैले आ नो बगैंचामा उमारेको फलफूल बेजिङसम्म ल्याइपुऱ्याउन बढी भाडा तिर्नुपरेको छ,' देङ्ग रुई नामका तर्कारी तथा फलफूल कृषक भन्छन् । उनी बेजिङ नजिकैको तियानभु बजारमा आना उत्पादन ल्याई बिक्री वितरण गर्छन् । त्यस बजारम सुन्तला, स्याउ र सखरखण्डको थुप्रो देखापर्दछ । 'यस वर्ष हिउदमा कुनै कुराको पनि अभाव भएन,' देङ्गले भने तर सबै वस्तुको मूल्य भने बृद्धि भयो ।

मुद्रास्फीतिसम्बन्धी अर्थविद्हरूको परियोजना प्रतिवेदनले २००८ मा पनि मूल्य बृद्धिका सन्दर्भमा आकर्षक तस्वीर खिच्नसक्ने संकेत देखाएको छैन ।

'अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य निरन्तर बढिरहँदा चीनलाई मुद्रास्फीतिको बढी नै दबाब परिरहन्छ,' जनबरीको दोस्रो साता इकोनमिक अब्जरभर अथबा अखबारलाई चिनिया बैंकका अनुसन्धानकर्ता तामयालिङ्गले भने । '२००७ मा चीनको मुद्रास्फीतिमा घरेलु इन्धनको मूल्य समावेश गरिएको छैन भन्ने कुरा बिर्सनु हुन्न,' चिनिया सरकारले घरेलु खुद्रा इन्धनमूल्यमा नियन्त्रण गर्दैआएको छ । तर जुलाईमा ७० प्रतिब्यारेलबाट १०० डलर पुगेको इन्धनको मूल्यले चिनिया उत्पादनको मूल्यमा दशप्रतिशतले बृद्धि गरेको छ ।

मुद्रास्फीतिको बढ्दो दर र अर्थतन्त्रको तापमानका कारण २००८ को मौद्रिक नीति 'सतर्कता' बाट बढेर 'कठोर' चरणमा प्रवेश गर्नेछ । डिसेम्बर महिनामा बार्षिक नीति निर्माणका लागि बसेको बैठकले आर्थिक व्यवस्थापनको दशकको अवधारणाबाट नयाँ अवधारणामा प्रवेश गर्ने मानसिकता बनाएको छ । यस परिवर्तनले आर्थिक बृद्धिदरमा सघाउ पुऱ्याउँछ ।

चीनले उच्च शक्ति अर्थतन्त्र अपनाएको दोष बहन गर्दै आएको छ । उसको अर्थतन्त्रले विश्व प्रभावित हुने गरेको छ । क्यानाडाको केन्द्रीय बैंकद्वारा हालै प्रकाशित प्रतिवेदनले पेट्रोलियम पदार्थ तथा खनिजको स्रोतको चिनिया मागले आगामी वर्षहरूमा अझै मूल्यबृद्धि गर्ने बताएको छ ।

चीनले गएको डिसेम्बर महिनामा श्वेतपत्र जारी गर्दै आयातित इन्धनको परिमाण सीमित गर्न आग्रह गरेको छ ।

सो श्वेतपत्रमा अन्तर्राष्ट्रिय बजारलाई आघात नपुऱ्याउन र घरेलु बजारमै केन्द्रित हुन अनुरोध गरिएको छ ।

'चीन विगतमा, अहिले र भविष्यमा पनि विश्वको उर्जा सुरक्षाका लागि चुनौती बनेको थिएन र बन्दैन पनि' श्वेतपत्रमा भनिएको छ । विश्वलाई बेजिङले विश्वका विभिन्न क्षेत्रमा तेल तथा ग्यासको खोज अभियान चलाएका कारण कूटनीतिक क्षेत्रमा त्रास र आशंका सिर्जना भएको र अरु मुलुक त्रसित बनेका हुनसक्छन् तर सबैलाई अनावश्यक त्रासबाट मुक्त गर्न हामीले घरेलु बजारलाई नै महत्व दिनु बुद्धिमानी हुन्छ, श्वेतपत्रमा आग्रह गरिएको छ ।

# थाइल्याण्डमा सामुदायिक रेडियोप्रति उत्साह

– लिनेट ली कर्पोरल

बैंकक (**आई.पी.एस्. /एन्.पी.आई.**) – लोई थाइल्याण्डको एक प्रान्त हो। यसको उत्तर-पूर्वी क्षेत्रमा युवाहरूले सञ्चालन गरेको 'माउङ्ग लोई' नामक एक सामुदायिक रेडियो स्टेसन सञ्चालन गरेका छन् । यसप्रति संयोजक उइरापोल चारोइन्थमले गर्वानुभूति गरेका छन् ।

यो रेडियो स्टेसन सामुदायिक नेटवर्कका दजनौं स्टेसनमध्ये एक हो, जसको उद्देश्य बालबालिकालाई एक जिम्मेवार नागरिक बन्न सघाउनु र ठूलालाई बालबालिकाको मनस्थिति बुझेर व्यवहार गर्न प्रशिक्षित गर्नु हो, रेडियो नेटवर्कका संयोजक उइरापोलले बताए ।

'सामुदायिक रेडियोले सञ्चारको बाटो खेलिदिएको छ। हामीहरूले पैसाको समस्या जस्ता थुपै समस्याको सामना गर्नुपरे पनि अहिलेसम्म जे गरेकाछौं त्यसमा खुशीछौं' उइरापोलले यसै हप्ता चुलालोङ्गकोर्न युनिभर्सिटीको सामुदायिक रेडियोमा लेक्चर दिंदा बताए ।

'स्थानीय समुदाय आनो भावना सानो माध्यमबाट भएपनि राख्न चाहन्छन् । सामान्यत: सञ्चारमाध्यमबाट आनो विचार बाहिर ल्याउनु सजिलो छैन । प्राविधिक रूपमा पनि सामान्य नागरिकलाई सञ्चार माध्यमसम्म पहुँच बनाउनु चुनौतीपूर्ण छ । प्रविधिको विकासले पनि चुनौती थपेको हो,' ओहिओ युनिभर्सिटीका अन्तर्राष्ट्रिय शिक्षाका निर्देशक प्रोफेसर ङ्गिऊ म्याक ड्रयानियलले भने ।

थाइल्याण्डको १९९७ को संविधानमा गरिएको सञ्चार माध्यमको संशोधन पछिका वर्षहरूमा सामुदायिक रेडियो निकै चलेको छ र पदच्युत गरिएका प्रधानमन्त्री थाकसिन शिनावात्राको कालमा सामुदायिक रेडियोको निकै विकास भएको हो ।

यी स्थानीय स्टेसनले लगातार रूपमा जन्मेदेखि नै पीडा भोगिरहेका छन् । उनीहरूलाई अनुमतिपत्र बनाउन, लगानीका लागि पूँजी व्यवस्था गर्न, कार्यक्रमको लक्ष्य प्राप्त गर्न र स्वतन्त्र रूपले प्रसारण गर्न समस्या छ ।

सेप्टेम्बर २००६ मा थाकसिनलाई अवदस्थ गराइएको केही महिनापछि उत्तर-पूर्वी सामुदायिक रेडियो स्टेसनको स्थापना भएको हो । अर्थात यो रेडियो स्टेसन सैनिक सरकारको पालामा प्रारम्भ भएको हो । तर रेडियोले सैनिक सत्ताको तारिफ गरेन, विरोधमा अन्य सञ्चारमाध्यमका साथ स्वरमा स्वर मिलायो । यस रेडियोले थाक्सिनका असल कामका पक्षमा आवाज उठायो । अन्तत: लोकतन्त्रका पक्षमा बोल्ने सञ्चारमाध्यमलाई सैनिक सरकारले बन्द गरिदियो ।

'फिलिपिन्समा जस्तै थाइल्याण्डमा सामुदायिक रेडियो बढी विकासतिर उन्मुख छ । उदाहरणका रूपमा रेडियो कृषि विषयमा केन्द्रित छन् । प्रतिकूल क्षेत्रमा रहेका रेडियो स्टेसन स्वाभाविक रूपमा राजनीतिक विषयमा केन्द्रित छन्,' थाई विद्वान तथा कार्यकर्ता प्रो. उबोनरत सिरियुभसतले एक अन्तर्वातामा बताए ।

प्रो. चालिसा भागपानथोङ्गले कतिपय स्थानीय स्टेसन आनो लक्ष्यमा नै विश्वस्त हुन नसकेको विडम्बना पनि प्रकट गरिन् ।

'मुख्यत: स्टेसन परिचालनका लागि विदेशी दाताबाट आर्थिक सहयोग लिने गरेकाले तिनीहरूको गलत प्रयोग पनि हुनसक्छ । आफूहरूलाई लागेको काम गरेर एउटा निश्चित कार्यविधि प्राप्त हुन सक्तैन,' चालिसाले भनिन् । चालिसाले दक्षिणको पटनी, उत्तर को लम्फून र उत्तर-पूर्वको साकुन नाखोन प्रान्तको सामुदायिक रेडियोका विषयमा ओहिओ युनिभर्सिटीबाट विद्यावारिधि हासिल गरेकी हुन् ।

विदेशी मुलुकले गर्ने लगानीको अर्को समस्या छ । लगानी केवल आर्थिक तथा राननीतिक चासोका लागि हो अथवा देखावटी रूपमा मात्रै, चालिसाले थपिन् । 'हामीले सञ्चालकहरू रेडियोमार्फत एक-अर्कालाई दोषारोपण गर्ने गर्दछन् भन्ने सुनेका छौं,' उनले भनिन् । यो भन्दा बढी चिन्ताको विषय अरु के हुनसक्छ, साकोन नाखोनजस्ता ठाउँ जहाँ थुप्रै अल्पसंख्यक समूहबीच अनेकता छ, भेदभावको समस्या पनि प्रशस्त रूपमा छ। अल्पसंख्यकलाई बेवास्ता गरिन्छ ।

दक्षिणी क्षेत्र अस्थिरताको शिकार छ । यहाँको पतनीमा राजननीतिक व्यक्तिहरू बढी केन्द्रित देखिन्छन्। यहाँ केही वर्षअघि बम काण्डको इतिहास रचिएको थियो । सामुदायिक रेडियोले सामान्यत: राजनीतिक विषयहरू प्रसारण गर्दैनन्, किनकि उनीहरू अधिकारीहरूले बन्द गरिदिन्छ भनेर डराउँछन्, चालिसाले थपिन्

'कयौं पटक रेडियो स्टेसनले केवल सार्वजनिक मामिला विभागको समाचार मात्र प्रसारण गरी अन्य क्षेत्रका तथ्य विषय लुकाउँछन्, राज्यले उनीहरूलाई दुख दिन्छ भन्ने लागेका विषयमा उनीहरू मौन नै बस्छन् ।

चियाङ्ग माई युनिभर्सिटीका प्राध्यापक जिरापोर्न उइतयासाकवानका अनुसार करिब ३ हजार रेडियो स्टेशनमध्ये केवल १ सय ५० स्टेसनमात्र राज्य भरिमै वास्तविक सामुदायिक भन्न लायक छन् । यसको मतलब केवल १ सय ५० स्टेसन मात्र स्थानीय बासिन्दाको हितमा समर्पित छन् । 'तीमध्ये ४५ स्टेसन उत्तरी क्षेत्रमा छन् र १० स्टेसन चियाङ्गमाई प्रान्तमा छन्,' जिरापोर्नले हेनरिक बोल संस्थाले गरेको सर्वेक्षण उद्धृत गर्दै बताए ।

अमेरिकाको जातीय र भाषात्मक विविधताबारे जनाउँदै म्याकड्यानियलले समुदायले आनो रेडियो स्टेसन बनाउनुको कारण हो आनै भाषामा प्रसारण गर्ने आनन्द उठाउनु । 'अमेरिका आफू यस्ता लक्ष्य प्राप्ति गर्नका लागि प्रोत्साहन गर्ने कुरामा गौरव गर्छ भने थाइल्याण्ड योभन्दा अलि फरक छ । यहाँ अरु भाषा र क्षेत्रीय भाषाको प्रयोगको सरकारले निरुत्साहित गर्छ, विशेषज्ञ बताउँछन् ।

'उदाहरणमा पतनीमा स्थानीय वासिले आनै भाषा (यावी) को प्रयोग गर्दै प्रसारण गर्ने गर्दछन् । दक्षिणको अस्थिरतापछि राष्ट्रिय खतरा जनाउँदै सरकारले यस्ता कार्यक्रमको निगरानी गरी स्थानीय भाषा प्रयोगमाथि रोक लगाउन थाल्यो,' चालिसाले बताइन् ।

उनले थपिन्, यो सोच सहभागितापूर्ण सञ्चार अवधारणाको विरोधी रहेको छ, जसमा स्थानीय भाषा छान्नपाउने अवधारणा रहन्न, त्यो सामुदायिक रेडियो स्टेसन हुन पनि सक्तैन ।

सञ्चार माध्यमका सुधारक सुपिन्या क्लाङ्ग नारोङ्गले भनिन् 'सबै मानिस थाई भए वा नभएपनि आनो विचार राख्न र समस्या छलफल गर्न स्वतन्त्र हुनुपर्छ । राज्यले अन्य भाषाजस्तै बर्मिज भाषालाई राष्ट्रिय सुरक्षामा खतराको दृष्टिले हेर्नु हाँसोको विषय हो,' १० लाखभन्दा बढी बर्मिज प्रवासी कामदार गैरकानुनी रूपमा थाइल्याण्डमा बस्दै आएका छन् ।

सीमित रेडियो फ्रिक्वेन्सी, सामुदायिक रेडियोको अर्को समस्या हो, किनभने धेरैजसो फ्रिक्वेन्सी राज्यले र संस्थाले उपयोग गरिरहेका छन् ।

यो समस्या सिर्जना भएको कारण राष्ट्रिय प्रसारण आयोग जसलाई रेडियो फ्रिक्वेन्सी तथा प्रसारण कार्यक्रमहरू हेर्ने काम दिइएको थियो, को स्थापना नै हुन सकेन । तैपनि सन् २००० मा एउटा कानुन पास गरी रेडिया फ्रिक्वेन्सी विभाजन गर्ने र नियन्त्रण गर्ने आयोगको स्थापना गरियो ।

'यस कानुनबाट देखिने एउटा समस्या यो हो कि फ्रिक्वेन्सी विभाजनको आधार निकै फराकिलो रहेको र यदि सतर्कता नअपनाएमा शक्तिशाली र सम्पन्न समूहले यी फ्रिक्वेन्सीमाथि दमन गर्नेछन् र साना सामुदायिक रेडियो जोसँग पुग्दो स्रोत छैन तिनीहरूलाई हटाउन सक्छन्' सुपिन्याले भनिन् ।

सञ्चारमाध्यम जुन् बढी रूपमा जनताका हितका लागि काम गर्छन् यिनले पर्ख-हेर र जाऊको नीति अपनाएका छन्। सैनिकले शासनसत्ता हात लिएपछि सामुदायिक सञ्चार माध्यमको सुपरिवेक्षणको काम रोकियो । यसको १ वर्षपछि डिसेम्बर २००७ को निर्वाचनमा पुन: यो उपाय अपनाइयो ।

'सामुदायिक रेडियो हामीले सोचेजति रूपमा फैलिएको नभएतापनि मानिसहरू यो विचारतर्फ आकर्षित भएकाछन् र यसको विकास भएको हेर्न चाहन्छन्' चालिसाले भनिन् ।

# मानव अधिकारका लागि बर्मेली सरकारलाई आर्थिक दवाव

– अविद अस्लाम

वासिंगटन (आई.पी.एस्./एन्.पी.आई.) - अधिकारका लागि जनवकालतमा सरिक व्यक्तिहरूको आह्वानमा अन्तर्राष्ट्रिय समुदायले बर्माबाट आयात गर्ने मूल्यवान पत्थर (जेम) आयात गर्न छोडेको छ । बर्माको सैनिक सरकारले आयोजना गरेको जनबरी दोस्रो साताको जेम विक्रीका लागि भएको मूल्य बढाबढमा पश्चिमेली मुलुकहरूले भाग लिएनन् ।

सोही समयमा अर्को एक कार्यक्रममा महिलाको भित्री पहिरन हल्लाउँदै बर्मेली सैनिक शासकको विरोधमा अधिकारवादीहरूले प्रदर्शन पनि गरे ।

ह्यूम्यान राइट्स वाचले सैनिक शासकलाई चुनौती दिन मूल्यवान पत्थरको व्यापारमा आक्रमण गरेको हो । उसले मूल्यवान पत्थरको डाक बढाबढ हुने मितिभन्दा अगाडि नै सो कार्यक्रममा भाग नलिन अन्तर्राष्ट्रिय समुदायलाई अनुरोध गरेको थियो । सो डाक बढाबढ युनियन अफ म्यान्मार इकोनमिक होल्डिङ्स कम्पनी लिमिटेड (युएमइएच) ले आयोजना गरेको थियो । युएमइएच बरिष्ठ सैनिक अधिकारी तथा रक्षामन्त्रालयका अधिकारीहरूको लगानीमा सञ्चालित व्यापार गृह हो ।

बर्माको सैनिक सत्ताले १९८९ मा बर्मा नाम बदलेर म्यान्मार नाम राखेको हो । उनीहरूले बर्मेली भाषामा राखिएका ठाउँका नामहरू परिवर्तन गर्ने क्रममा यो नाम बदलेका हुन् । गतवर्ष शान्तिपूर्ण रूपमा निकालिएको विरोध जुलुसमा सरकारले हिंसात्मक आक्रमण गरेपछि अधिकारवादी संस्थाहरू सैनिक तानाशाही विरुद्ध अझ बढी सक्रिय भएका हुन् । सरकारले जथाभावी पक्राउ गर्ने, नजरबन्दमा राख्ने काम गर्दैआएको छ । बहुमूल्य पत्थर खरिदमा असहयोग गर्न अपिल गरेर विश्वको ध्यान आकर्षित गरेका छन् ।

'बर्माका जनरलहरू मानवअधिकारको हनन् गरेको मूल्य जेम्सले चुकाइरहेका छन्,' बहुमूल्य पत्थर खरिद नगर्न अपिल गर्ने मानवअधिकार कार्यक्रमका निर्देशक अरविन्द गनेसा भन्छन्– शासकहरू निरास बनाउन लायकका व्यक्तिहरू हुन् ।

गएको अगष्ट-सेप्टेम्बर महिनामा बौद्ध भिक्षु, विद्यार्थी र अरु आम नागरिकहरू सरकारविरुद्ध मुलुकका प्रमुख शहरहरूमा सडकमा ओर्लिए । सो प्रदर्शनको सुरुवात इन्धनमा गरिएको मूल्यबृद्धिको विरोधमा सुरु भए तापनि लोकतन्त्र प्राप्ति त्यसको अभीष्ट थियो ।

बहुमूल्य पत्थर उत्पादनमा बर्मा विश्वकै एक प्रमुख राष्ट्र हो । १९६४ देखि नै यस्ता पत्थरको व्यापारका लागि डाक बढाबढ हुँदै आएको छ । विश्वका नामुद व्यापारीहरू डाक बढाबढ समारोहमा सरिक हुन आउने गर्दछन् ।

बहुमूल्य पत्थरको व्यापारमा सक्रिय म्यान्मार जेम इन्टरप्राइज सरकारद्वारा सञ्चालित छ । यो मुलुककै तेस्रो ठूलो बहुमूल्य पत्थर निर्यात कम्पनी हो । म्यान्मारका अन्य दुई प्रमुख निर्यात कम्पनीहरूमा तेल तथा काठ कम्पनीहरू रहेका छन् । यी पनि राज्यद्वारा नै सञ्चालित छन् । २००६ मा जेम्स कम्पनीले ३० करोड अमेरिकी डलर बराबरको पत्थर विक्री गर्‍यो । अघिल्ला वर्षहरूभन्दा २००६ को विक्री पैतालीस प्रतिशतले बढेको थियो ।

बहुमूल्य पत्थरको खास मूल्य कति हो कसैले भन्न सक्तैन । यो तस्करी र निजी व्यापारीहरूले पनि निर्यात गरिरहेका हुन्छन् । तस्करी र निजी व्यवसायीबाट भएको भनिएको व्यापारमा पनि सैनिक अधिकारीहरू महत्वपूर्ण हिस्सा रहेको हुन्छ । अर्को शब्दमा भन्नुपर्दा सैनिक रथीवृन्दको सहमतिबिना बर्मामा तस्करी पनि हुँदैन । केही निकायको अनुमानअनुसार जैतुनको व्यापारले मात्र बर्माको बार्षिक १० प्रतिशत निर्यातको भारबहन गर्दछ ।

बर्मेली जैतुनको व्यापार चिनिया ताइवान र हङ्कङ्गले विस्थापित गर्दैछन् । खासगरी एशियाली बजारमा बर्मा विस्थापित भएको छ । त्यसो भए तापनि पश्चिमेली मुलुकले तिरस्कार नगर्दासम्म बर्मेली शासकको घैंटोमा घाम लागेको थिएन, किनभने उसको मुनाफा यथावत थियो । गनेसाका अनुसार हालैको डाक बढाबढ कार्यक्रम बहिस्कृत भएपनि यस्ता कार्यक्रम बारम्बार आयोजना गर्ने मनस्थिति सैनिक शासकहरूले बनाएका छन् ।

'जेभए पनि अब अन्तर्राष्ट्रिय समुदायले बर्मालाई दवाव दिन सुरु गरिसकेको छ । बर्माको बहुमूल्य पत्थरको व्यापार प्रभावित भएरै छाड्नेछ,' ह्युम्यान राइट्स वाचले आनो वक्तव्यमा उल्लेख गरेको छ ।

'युएमइएचले आयोजना गरेको म्यान्मार जेम्स इम्पोरियमको बहुमूल्य पत्थरको डाक बढाबढ लाभप्रद हुनसकेन । गएको नोभेम्बरमा आयोजित सो समारोह अपेक्षा पूरा गर्न असमर्थ रह्यो,' उसले थप्यो ।

सरकारी अधिकारी तथा सञ्चार माध्यमबाट प्राप्त जानकारीअनुसार गएको नोभेम्बर महिनाको डाक बढाबढ १५ करोड अमेरिकी डलर बराबरको थियो । जबकि म्यान्मार जेम्स इन्टरप्राइजको यस अघिको न्यूनतम विक्री नै २३ करोड डलर को रहेको थियो ।

ह्युम्यान राइट्स वाचले अनुमान गरेअनुसार नोभेम्बर महिनामा जुलाई सातमा भएको डाक बढाबढभन्दा नोभेम्बरको व्यापार ८ प्रतिशतले न्यून रहन आयो । यो न्यूनता स्वतस्फूर्त रूपमा खरिद प्रतिको अनिच्छा र प्रमुख क्रेताहरूको दृष्टि अन्य पक्षमा केन्द्रित रहनु पनि कारण हुनसक्छ । स्मरणरहोस्, बर्माको रुवि खरिद गर्ने प्रमुख क्रेताहरूमा युरोप र अमेरिका प्रमुख रहँदै आएका छन् ।

बर्माको मूल्यवान तथा केही कम मूल्यका पत्थरहरू युरोपियन युनियनले बन्देज लगाइदिएको छ । त्यो बन्देज गत नोभेम्बर देखि नै लागू भएको छ । डिसेम्बर महिनामा अमेरिकी कांग्रेसका दुवै सभाले बर्मेली बहुमूल्य पत्थरको खरिदमा प्रतिबन्ध लगाउने कानुन पारित गरिदियो । त्यसै महिना क्यानडाले पनि बर्माका कुनै पनि बस्तु आयात नगर्ने निर्णय लियो ।

केही पश्चिमी कम्पनीहरूले बर्मेली बहुमूल्य पत्थर पहिलादेखि नै अस्वीकार गर्दै आएका छन् । त्यसमा अमेरिकास्थित तिफानी एण्ड कम्पनी र लेवर ज्वेलर इङ्क रहेका छन् । अन्य कम्पनीले पनि गतवर्ष बर्माले प्रजातन्त्रका हिमायतीप्रति गरेको दुर्व्यवहारपछि स्वतस्फूर्त रूपमा बर्मेली बस्तुको आयात रोकेका छन् । यसरी रोक्नेमा इटलीको बुलगारी र फ्रान्सको कारटाइर रहेका छन् ।

बर्माविरुद्ध लगाइएको व्यापार प्रतिबन्धको समयसीमाका प्रतिपक्षीहरूले यसको प्रतिकूल असर जनतामा पर्ने विचार व्यक्त गरेका छन् । १९९० को दशकमा बढ्दो आर्थिक भारबाट बञ्चित मुलुकमा तस्करीको उदय भयो, लागू औषध र यौन व्यापार फस्टायो । बर्मामा लगाइएको व्यापारिक नाकाबन्दीले पनि सोही विकृति जन्माउन सक्ने प्रतिपक्षीको धारणा रहेको छ ।

अधिकारवादीहरू जेम्सजस्ता बस्तुको व्यापारमा प्रतिबन्ध लगाएर कुनै असर पर्दैन भन्छन् । यस्ता व्यवसायबाट हुने आम्दानी जनतासम्म पुग्दैन, सबै जुन्टा शासकहरूको सेफमा थन्किन पुग्छ ।

बर्माको जुन्टा सरकारले मुलुकको खनिजमा पनि आधिपत्य जमाएको छ । गैरसरकारी समूह ह्युम्यान राइट्स वाचले बधुवा तथा बालमजदुरी, असुरक्षित कामको अवस्था र सर्वसाधारण नागरिकबाट जग्गा खोसेर यत्रतत्र उद्योग खोल्ने काम गरेको छ ।

केही कार्यकर्ताहरूको विचारमा मानव अधिकारकर्मीको आह्वानलाई सुनेर विदेशी मुलुकले व्यापार रोकेका हुन् भने अरुले 'महिलाको भित्री लुगाको प्रदर्शन,' ले बर्माका तथाकथित प्रसिद्ध र अन्धविश्वासी नेताहरूलाई प्रभावित पारेको हो भनेका छन् ।

अष्ट्रेलिया, बेलायत, सिंङ्गापुर, दक्षिण अफ्रिका र थाइल्याण्डका महिलाले विदेशस्थित बर्मेली दूतावासमा विरोधपत्र लेखेर गतवर्षको सैनिक कारबाहीप्रति खेद प्रकट गरेका छन् । सेना प्रमुख थान से र जुन्टा सरकारका अन्य सदस्यहरूको क्रियाकलाप तथा र ाज्यशान्ति तथा विकास परिषद्को विरोध गरेका छन् ।

गतवर्ष बर्माले लोकतन्त्र प्राप्तिका लागि सडकमा उत्रिएका व्यक्तिप्रति अभद्र व्यवहार गरेपछि थाइल्याण्डस्थित समूह लाना याक्सनले आनो वेबसाइटमा उल्लेख गरेको थियो, 'तपाईंले शरीरको भित्री लुगाको शक्ति देखाउने बेला र मौका पाउनु भएको छ । तपाईंले चाहे मात्रै जुन्टा सरकारको राष्ट्रिय शान्ति तथा विकास परिषद्लाई असफल बनाउन र बर्माका जनतालाई सघाउ पुऱ्याउन सक्नुहुनेछ ।

यस रिपोर्टपछि सैनिक शासनका केही सदस्यहरूले 'महिलाको भित्री लुगा' ले उनीहरूलाई सत्ताबाट भुईंमा पछारेर ढलमा बगाइदिने त्राससम्म व्यक्त गरेको अनुगमन रिपोर्ट सार्वजनिक भएको छ ।

# मलेसियामा निर्वाचनको बहुपक्षीय बोझ

– अनिल नेट्टो

पेनाङ्ग (आई.पी.एस्./एन्.पी.आई.) – निर्वाचन हुने वर्ष सबैका लागि विशेष चासो रहन्छ । मलेसियामा पनि यस चासोले प्रवेश पाइसकेको छ । सत्तामा रहेको मिलिजुली सरकार पनि चुनावप्रति सजग देखिएको छ । आर्थिक विपन्नता, धार्मिक समुदायबीचको विवाद र अपूर्ण अपेक्षाहरूका कारण प्रधानमन्त्री अब्दुल्लाह बदावीको प्रशासनलाई निर्वाचनको परिणाम आनो पक्षमा नआउने कुरामा कुनै भ्रम छैन । सत्तासाझेदार अन्य पार्टीहरूलाई पनि निर्वाचनले आनो पक्षमा पुष्पवृष्टि गर्ला भन्ने लागेको छैन ।

अब्दुल्लाहले २००३ मा सत्ता हस्तगत गरेका हुन् । महाथिर महम्मदको २२ वर्ष लामो तानाशाही शासनविरुद्ध जनसमर्थन बटुलेर थुप्रै अपेक्षाका साथ उनी सत्तामा आएका थिए ।

उनले उठाएको आमसुधारको नाराले उनलाई आमचुनावमा भारी मतले विजयी गरायो । तर विस्तारै उनी आनो वचनबद्धताबाट पर हट्दै आए र सुधारको सन्दर्भलाई एकादेशको कथा बनाए ।

समीक्षकका विचारमा उनी पूर्व अडानमा कायम रहिरहन सकेनन्, जनताले उनका बोलीहरू हावामा उडेको अनुभव गरे ।

अन्ततोगत्वा अब्दुल्लाह पनि बिस्तारै महाथिरकै मार्गमा आए । पुरानै प्रशासनिक शैली र प्रवृत्तिले स्थान पायो ।

मलेसियाको राष्ट्रिय विकासको आधार बहुसंख्यक मले जाति र आदिवासी समुदाय रहेका छन् । उनीहरूको विकास नै मलेसियाको विकास हो । तर १९७० देखि त्यो समुदाय सीमान्तिकृत हुन पुगेको र अर्थतन्त्र सम्भ्रान्त वर्गमा केन्द्रित रहेको छ । 'मलेसियाको नयाँ आर्थिक नीतिले भोलिको राजनीति कुन दिशामा अघि बढ्छ भन्ने तथ्य उजागर गर्दछ,' क्वालालम्पुरस्थित एक राजनीतिक टिप्पणीकारले भने । महाथिरको शासनकालको पछिल्लो अर्धभागमा मुलुकका ठेक्कापट्टा र सम्झौता अधिक मात्रामा सम्भ्रान्त वर्गमा केन्द्रित हुन पुग्यो, उनले टिप्पणी गरे-गरिबी निवारण प्राथमिकताको विषय रहेन । मलेसियाली नागरिकको गरिबी यथावत रूपमा कायम रह्यो । महाथिरले मलेसियाको निश्चित समुदायलाई मात्र अरबपति बनाउन चाहेको देखियो ।

राज्यको ढिकुटी आम नागरिकको विकासका लागि समानरूपले वितरण हुन सकेन । मुलुकको आवश्यकतालाई ख्याल नगरी प्रशासनिक राजधानी पुत्रजया र जुम्ल्याहा धरहरा निर्माण गर्नेजस्ता विषयमा केन्द्रित गर्‍यो । यो जुम्ल्याहा धरहरा कुनैबेला विश्वको सबैभन्दा अग्लो स्तम्भ थियो । उनकै पालमा सार्वजनिक सेवाका विभिन्न पक्षहरू निजीकरण गरिए । मुनाफा आर्जन गर्ने व्यवसाय बिक्री गरिए । यस अवस्थाको विश्लेषण गर्दै समीक्षकहरूले 'नाफाको निजीकरण र नोक्सानको सामाजिकीकरण,' गरियो भनेका छन् ।

अहिले सत्तामा रहेको संयुक्त सरकारको विश्वसनीयता र योग्यता घटेको, स्वस्थ अर्थतन्त्रको विकासमा सहायक हुन नसकेको, राज्यशक्तिको व्यापक दुरूपयोग भएको र सहकार्य गर्न चाहने नेतृत्वलाई अपमान गर्ने काम भएको देखिएको छ ।

तर मिलिजुली सरकारले जुन रूपमा यो काम अघि बढाएको छ त्यो उति बलियो भने छैन । २००७ मा मलेसियाको आर्थिक बृद्धिदर ७ प्रतिशत थियो तर अधिकांश मलेसियाली नागरिकका लागि यसको कुनै अर्थ थिएन । उनीहरू खाद्यान्न र इन्धनको चर्को मूल्यको शिकार भएका थिए । नयाँ उदार नीति र सस्तो आप्रवासी कामदारको आयातका कारण स्थानीय ज्यालादर निकै घटेको र गरिब र धनीबीचको खाडल फराकिलो बनेको अवस्था छ । मलेसियामा १० प्रतिशत धनाढ्य व्यक्ति छन्, उनीहरू निर्धन १० प्रतिशत व्यक्तिको दाँजोमा २२ प्रतिशत अधिक आय गर्दछन् ।

आर्थिक विपन्नताको मार सर्वाधिक रूपमा कामदार वर्गमा पर्दछ । असीमित आवश्यकता र सपनाले उनीहरूलाई दुःखित बनाउँछ । विगत दुई महिनायता भएका जुलुस प्रदर्शनमा बारम्बार एउटै आवाज उठेको छ । त्यस आवाजमा सामाजिक न्याय, जवाफदेहिता, राजनीतिक नेतृत्वबाट न्यायिक व्यवहारको माग गरिएको हुन्छ । मलेसियामा संयुक्त सरकार रहेपनि पार्टीहरूबीच मतभेद कायम छ । राजनीतिक विश्लेषकहरूका अनुसार युनाइटेड मलेज नेशनल अर्गनाइजेसन (युएमएनओ) को राज( नीतिक प्रभुत्वका कारण सत्ताधारी दलहरूबीच नै मतभेद सिर्जना भएको हो ।

१९७० को दशकको मध्यदेखि युएमएनओ विभाजनकारी एक कारकका रूपमा देखापर्‍यो । पार्टी-पार्टीबीचका समस्याको आगोलाई यसले तेल थप्ने काम गर्‍यो । आर्थिक स्रोत-साधनमा जुन पार्टीको अपेक्षित

प्रभाव हुन सकेन, उसले असन्तुष्टि बहिर निकाल्न थाल्यो,' राजनीतिक विश्लेषकले भने ।

सत्ताधारी दलहरूबीच अहिले सम्बन्धको स्थिति रूखमा पाकेको मेवाजस्तै बनेको छ जो कुनै पनि बेला यात्त भुईंमा खस्नसक्छ । अहिले सम्बन्ध धराशयी बनाउने मूख्य खलनायक बनेका छन् प्रधानमन्त्रीका छोरीज्वाइ खइरी जमालुद्धिन । उनी युएमएनओ युवा समूहका उपप्रमुख रहेका छन् ।

युएमएनओको अधिनायकत्व अन्य सत्ताधारी पार्टीहरूका लागि अपमानको विषय बनेको छ । यसले गर्दा जातिगत, धार्मिक तथा आर्थिक सिमान्तीकृत विभेदको समस्याले उर्जा प्राप्त गरेको छ । गएको नोभेम्बर २५ तारिखका दिन ३० हजार भारतीय मलेसियालीहरूको क्वालालम्पुरमा निस्किएको जुलुसले सोही असन्तुष्टिको प्रमाण प्रस्तुत गरेकोछ ।

निर्वाचनमा पराजयको सम्भावनाले पनि एक-आपसमा आरोप- प्रत्यारोपको परिमाण बढेको हो । भ्रष्टाचार र सत्ताको दुरूपयोग भएको सम्बन्धमा एक-आपसमा औंलो ठड्याउने काम सरकारभित्रै भैरहेको छ । न्याय भ्रष्टाचारविरोधी निकाय र प्रहरी फौज भित्रपनि भ्रष्टाचार भएको विवरण बाहिर आएको छ । पोर्ट प्यालङ्ग फिजोनको निर्माण लागत र त्यसमा प्रयोग भएको जमिनलाई लिएर सञ्चारमाध्यमहरूले हङ्गामा खडा गरेका छन् ।

समीक्षकहरू भन्छन्, भ्रष्टाचारको यस अभियोगले प्रधानमन्त्री र उनका तीन सुधार कार्यक्रमहरू प्रभावित हुनपुगेका छन् । भ्रष्टाचार उन्मूलन, प्रहरी सेवा सुधार र निजामती सेवा पुनरावलोकन योजनाहरू धराशयी बन्न पुगेका छन् । पछिल्लो आरोपको विषय प्रहरी कारबाहीसँग सम्बन्धित छ । विशेष प्रकृतिका गुनासाहरू हेर्ने आयोग गठनका लागि ल्याइएको विधेयकसमेत फिर्ता गरिएकोमा सरकारको आलोचना भएको छ । सो विधेयक फिर्ता गरिनुले सरकार प्रहरी प्रशासनलाई जनपक्षीय र स्वतन्त्र राख्न चाहादैन भन्ने सावित गर्दछ ।

अब्दुल्लाह धार्मिक मुद्दाको स्वतन्त्रताका विषयमा कमजोर देखिएका छन् । कुनै बेला सबैका आदर्श रहेका नेता अब्दुल्लाह अहिले अलोकप्रिय बन्न पुगेका छन् । आन्तरिक धार्मिक विभागको तार सतहमा आएको र यस्ता अन्य सन्दर्भलाई पनि बाहिर ल्याउन प्रोत्साहित गरेको अवस्था रहेको छ । सरकारका विभिन्न कमजोरीहरू अनेक दृष्टान्तका साथ बाहिर आएका छन् । नागरिक सारियाह कानुनको कार्यान्वयनदेखि लिएर छत्तीस मिटर अग्लो चिनिया 'समुद्रकी देवी' को निर्माणजस्ता विषयमा विवाद कायम छ । समुद्रकी देवी सबाहको उत्तरी बोर्नियो राज्यमा निर्माण भएको छ ।

'सरकारमा रहेका दलहरूले प्रजातान्त्रिक परिवर्तनका लागि पूर्ण रूपले ध्यान दिन नसकेसम्म न्याय, दबाफदेहीता, पद्धति, प्रक्रियाको विकास हुन सक्तैन । शान्तिपूर्ण वार्ताका माध्यमद्वारा समस्या समाधानको सम्भावना पनि रहन्न,' सामाजिक कार्यकर्ता के हरिदासले भने ।

यसैबीच प्रतिपक्षी पार्टीका प्रभावशाली नेता अनवर इब्राहिमले सत्ताधारी समूहको अप्रजातान्त्रिक रबैयाविरुद्ध एकताको खाँचो औंल्याएका छन् । उनको प्रष्ट दृष्टिकोणका कारण प्रतिपक्षी पार्टीहरूबीचको एकता सम्भावनाको विषय बनेको छ । यसअघि सबल इस्लामिक राज्य निर्माणमा सक्रिय इस्लामिक पार्टी पिएएस प्रतिपक्षी समूहमा बाधक बनेको थियो । तर अहिले उसको अवरोध सिथिल देखिएको छ ।

प्रतिपक्षी समूहबाट पनि अझैसम्म आर्थिक नीतिबारे प्रष्ट दृष्टिकोण बाहिर आउन सकेको छैन । अनवर एनइपीको एकता टुक्रियोस् भन्ने चाहना राख्दछन् । उनको विचारमा आर्थिक नीतिले 'मानवीय तथा न्याय प्राप्ति' का पक्षमा ध्यान दिन सक्नुपर्छ ।

केही समययता प्रतिपक्षी दलहरूबीच आगामी निर्वाचनका लागि एकता कायम गर्न सहमति भएको छ । यद्यपि निर्वाचन क्षेत्रमाथिको नियन्त्रण, मतदान खरिद तथा सञ्चारमाध्यम र सरकारी निकायको दुरूप्रयोगमा भने विवाद कायम छ ।

सत्ताधारी पार्टीहरूका लागि ठूलो चुनौतीको विषय बनेका छ सञ्चारमाध्यम । टेलिभिजन र रेडियोको दुरूपयोग गर्दै उनीहरूले आनो पक्षमा प्रशस्ती जति गाए पनि प्रतिपक्षका सञ्चारमाध्यम पनि उत्तिकै सवल भएकाले दावीहरू तुरुन्तै खण्डन हुनेगर्दछन् ।

यसअतिरिक्त नयाँ सञ्चारमाध्यमले पनि प्रतिपक्षीको विचारलाई सघाउ पुऱ्याएका छन् । मलेसिया टुडे र मलेसियाकिनीजस्ता वेबसाइट र ब्लगहरू स्वतन्त्र रूपले प्रतिपक्षको विचार प्रसार गरिरहेका छन् ।

विवादास्पद तथा अपमानित घटनालाई सत्ताधारी पक्षले गुन्द्रीमुनि घुसारेर लुकाउने काम गर्न सक्तैन । यस्ता घटनालाई युट्युवका माध्यमद्वारा सार्वजनिक बनाउने गरिन्छ । 'अहिलेको जमानामा झुटोबोल्न पनि निकै गाह्रो छ । तर पनि भूमिगत रूपमा अपराध हुनभने छोडका छैनन्,' सञ्चार विश्लेषक मुस्तफा कमाल अनुआरले आइपिएसलाई भने । डिसेम्बर महिनाको अन्तिम साता भारतीय मूलका नागरिकको प्रतिनिधित्व गर्ने पार्टीका प्रमुख तथा मन्त्री परिषद्का बरिष्ठ एक सदस्यले क्षेत्रीय नृत्यप्रतियोगितामा सम्बोधन गर्दै प्रतिपक्षीको आलोचना गरे । यदि युट्युव नहादो हो त तत्कालै भिडियो चित्रमा त्यो घटना समेटेर सार्वजनिक गर्न सकिने थिएन ।

'यसरी कुनै व्यक्तिले पनि सत्तामा बसेर मनपर्दी गर्ने र नागरिकअगाडि उभिएर सज्जन बन्ने अवस्था समाप्त भएको छ,' मुस्तफाले भने-आज मूलधारका सञ्चारमाध्यम र ब्लगजस्ता वैकल्पिक सञ्चारमाध्यमको समाचार प्रस्तुतिको मार्ग नै फरक भएको छ । मूलधारका सञ्चारमाध्यम बढी पक्षपाती र छानेर मात्र समाचार सम्प्रेषण गर्ने गर्छन् तर ब्लगरहरू तत्कालै जस्ताको त्यस्तै समाचार बाहिर ल्याउँछन् । हालै भएको सडक प्रदर्शनको समाचारले पनि यही तथ्य सावित गर्दछ ।

# पाकिस्तानी जनताको दृष्टिमा अमेरिकाको त्रास

– जिम लोब

वासिँगटन (आई.पी.एस्. ⁄एन्.पी.आई.) – अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुशको प्रशासन बढी आक्रामक र गोप्य रूपमा इस्लामिक फौजविरुद्ध गतिविधि चलाउने शक्तिका रूपमा रहेको पाकिस्तानी जनताको ठहर छ । जनबरी महिनाको पहिलो साता यहाँ सार्वजनिक गरिएको सर्वेक्षण प्रतिवेदनले पाकिस्तानी जनता बुश प्रशासनको सो रवैयाको खिलाफ रहेको देखाएको छ ।

केवल ५ प्रतिशत सहभागीहरूले मात्र पाकिस्तान सरकारले अमेरिकी तथा अन्य विदेशी सेनालाई पाकिस्तानभित्र प्रवेश गर्न दिएहुन्छ भनेका छन् । उनीहरूको विचारमा अलकायदाका लडाकासँग विदेशी सेनालाई भिडाएर पाकिस्तानी सेना अन्य सुरक्षा गतिविधिमा संलग्न हुनसक्छ । तर सर्वेक्षणमा सहभागी ८० प्रतिशत जनताले विदेशी सेनालाई कुनै पनि हालतमा पाकिस्तानभित्र प्रवेश दिनुहुन्न भनेका छन् । सर्वेक्षण ९ सयभन्दा बढी पाकिस्तानी जनतासँग गरिएको विस्तृत अन्तर्वार्ताको आधारमा तयार पारिएको हो । गएको मध्य सेप्टेम्बरमा पाकिस्तानका १९ शहरहरूमा सो सर्वेक्षण सम्पन्न भएको थियो ।

सर्वेक्षण परिणामले ६ हप्ता लामो संकटकाल घोषणाका सम्बन्धमा भने कुनै उल्लेख गरेको छैन । पाकिस्तानी राष्ट्रपति परवेज मुसर्रफले सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशहरूलाई निष्कासन गरेर संकटकालको घोषणा गरेका थिए । निर्वासनमा रहेकी पूर्व प्रधानमन्त्री बेनजिर भुट्टो र नवाज सरिफ पाकिस्तान फर्के । डिसेम्बर २७ तारिखमा भुट्टोको हत्या गरियो । उनकै हत्याका कारण जनबरी ८ तारिखमा हुने भनिएको संसदीय चुनाव फेब्रुअरीमा सऱ्यो । यीआदि विषयमा भने सर्वेक्षण मौन छ ।

यी घटनालाई पनि सर्वेक्षणका विषय बनाइएको भए परिणामको भिन्न स्वरूप देखिनसक्थ्यो । पाकिस्तानी तालिवान जसका एक नेता बैतुल्लाह मेहसुदलाई भुट्टोको हत्या गरेको आरोप पाकिस्तानी सरकारले लगाएको छ । यस सम्बन्धमा सर्वेक्षणले बोल्नु आवश्यक थियो ।

मतसर्वेक्षण केवल अमेरिकी दृष्टिकोणबाट प्रभावित देखिन्छ । यो सर्वेक्षणले अमेरिकी प्रशासनलाई सन्तुष्ट बनाउन सक्तैन । किनभने पाकिस्तानी जनता अमेरिकी सैनिक उपस्थितिको खिलाफ देखिएका छन् । तर, पाकिस्तानी सेना र सुरक्षा अंगहरूले भुट्टोलाई बचाउन नसकेको सवाल सर्वेक्षणमा उठाइएको छैन । तालिवान, अलकायदा र यसको स्थानीय सञ्जाल तोड्न नसकेकै कारण पाकिस्तानी सरकार अस्थिर हुनपुगेको गहिराइ छुन पनि सर्वेक्षण असफल भएको छ ।

जनवरी पहिलो साता द न्युयोर्क टाइम्सले पहिलो पृष्ठमा छापेको समाचारमा पाकिस्तानको सन्दर्भलाई लिएर ह्वाइटहाउसमा वरिष्ठ अधिकारीहरूको बैठक बस्यो । त्यस मिटिङ्गमा उपराष्ट्रपति डिकचेनी र विदेशमन्त्री कण्डोलिजा राइसको पनि उपस्थिति थियो । छलफलमा मुसर्रफ र उनको नयाँ सैनिक नेतृत्वले केन्द्रीय गुप्तचर निकाय (सिआइए) र अमेरिकी विषेश कार्य सम्पादन फौज (एसओएफ) लाई सूचना प्रदान गर्न सहमत गराउने विषयमा केन्द्रित थियो । पाकिस्तानको भूभागमा अफगानिस्तान सीमा नजिक आदिवासी समुदायको बस्तीमा आक्रामक सुरक्षा कारबाही चलाउनु पर्ने निष्कर्ष निकालियो । पाकिस्तानी तालिवानहरूले नर्थवेस्ट फ्रन्टिएर प्रोभिन्समा पछिल्लो समयमा अझबढी गतिविधि बढाउँदै आएका छन् । अहिले पाकिस्तानमा करिब ५० अमेरिकी सैनिक सल्लाहकार तथा गुप्तचरी क्षमता अभिवृद्धिका क्षेत्रमा काम गर्दै आएका छन् ।

हालैका घटनाहरूले मुसर्रफ र उनको सेनालाई तालिवान अलकायदाको बढ्दो चुनौतीबाट बच्न बैदेशिक सैनिक सहायता आवश्यक पर्नसक्छ भन्ने ठहर केही अमेरिकी प्रशासकहरूको रहेको थियो । अमेरिकी सेना पाकिस्तान आएको खण्डमा थप अस्थिरता सिर्जना हुनसक्ने धारणा टाइम्स पत्रिकाको र हेको छ । 'पाकिस्तानमा विदेशी सेना प्रवेश गराउने कुराको बलियो जवाफ प्राप्त भयो । अमेरिका वा अन्य कुनै मुलुकको सरकारले यो कार्य गर्ने तयारी गऱ्यो भने पाकिस्तानी जनता प्रतिरोधमा उत्रने प्रष्ट भयो' ।

युएसआइपी र पिपाले गरेको सर्वेक्षण करिब चार महिना अघिको हो । त्यस सर्वेक्षणले पछिल्लो अनुमानलाई समर्थन गऱ्यो । अर्थात् विदेशी सेनाको पक्षमा पाकिस्तानी जनता देखिएनन् ।

जसरी विदेशी सेनाको पक्षमा पाकिस्तानी जनता नरहेको पाइयो त्यसैगरी परम्परावादी कठोर इस्लामी तालिवान र अलकायदाका पक्षमा पनि उनीहरू नरहेको देखियो । कट्टरपन्थीहरूले समाजमा चलाएको हिंसालाई उनीहरूले घृणा गरे । विदेशी सेना र धार्मिक कट्टरपन्थी लडाका दुवैको विरुद्धमा रहेका पाकिस्तानी जनता अमेरिकी सेनाको उपस्थितिलाई अझबढी आपत्तिजनक ठहऱ्याउँछन् । सर्वेक्षणमा सहभागी ८४ प्रतिशतले अमेरिकी सेनाको उपस्थिति नचाहेकोमा ७२ प्रतिशतले 'आलोचनात्मक' भनेका छन् भने १२ प्रतिशतले 'गम्भीर' रूपमा पाकिस्तानका लागि चुनौती हुने र मुलुकको हित कुण्ठित हुने

कारण दिएका छन् ।

यसैगरी ५३ प्रतिशत सहभागीहरूले छिमेकी भारतसँगको सम्बन्ध तनावपूर्ण रहेको र धेरै पटक सैनिक भिडन्त पनि भएको कारण देखाउँदै त्यसलाई चुनौती मानेका छन् । यस्तै ४१ प्रतिशतले अलकायदालाई गम्भीर चुनौती ठानेका छन् भने ३४ प्रतिशतले इस्लामिक लडाका र स्थानीय तालिवानलाई मुलुकको चुनौती ठहर गरेका छन् ।

अमेरिका किन पाकिस्तानमा सेना पठाउन चाहन्छ भनी सोधिएको प्रश्नमा ७८ प्रतिशतले ऊ मध्यपूर्वको तेलको स्रोतमाथि नियन्त्रण गर्न चाहन्छ भनेका छन् । त्यसमध्ये ६९ प्रतिशतले 'निश्चित' हो भनेका छन्, १९ प्रतिशतले 'सायद' हुनसक्छ भनेका छन् । ७५ प्रतिशत इसाई धर्मको विस्तार गर्नका लागि अमेरिका यहाँ सेना पठाउन चाहन्छ भन्छन् । यसमध्ये ५३ प्रतिशतले 'निश्चित' हो भनेका छन् भने बाकीले 'सायद' भनेका छन् । ८६ प्रतिशतले इस्लामिक विश्वलाई कमजोर बनाउन र विभाजित गर्न अमेरिका यहाँ आउन चाहन्छ भनेकोमा ७० प्रतिशतले 'निश्चित' हो भनेका छन् । ६३ प्रतिशतले २००१ को सेप्टेम्बर महिनामा अमेरिकाको वर्ल्ड ट्रेड सेन्टरमा भएजस्तो आक्रमण रोक्नका लागि अमेरिका बाहिरी मुलुकमा सेना पठाएर नियन्त्रण गर्न चाहन्छ भनेकोमा ४१ प्रतिशतले 'निश्चित' गरेका छन् ।

सर्वेक्षणमा सहभागी बुहमत जनता पाकिस्तानमा हाल भएका प्रमुख घटनाहरूको नियन्त्रणका लागि अमेरिका उद्दत छ भनेका छन् । यसमध्ये ३२ प्रतिशतले अधिकांश घटना उसले नियन्त्रण गर्नसक्छ भन्छन् भने सबैजसो घटना नियन्त्रण गर्नसक्ने धारणा २४ प्रतिशतको छ । २२ प्रतिशत सहभागीहरू भने यीमध्ये केही घटना मात्र अमेरिकाले रोक्नसक्छ र ४ प्रतिशतले खास सक्तैन भनेका छन् । १८ प्रतिशतले यस सवालमा सहभागिता जनाएनन् ।

पाकिस्तान र अमेरिकाबीचको सैनिक सहयोगले खासगरी पाकिस्तान र दुवै मुलुकलाई फाइदा पुग्ने विचार अत्यन्त सानो संख्याले मात्र जनाएका छन् । पाच जनामा एकभन्दा कम सहभागीले मात्र पाकिस्तान र दुवै मुलुक लाभान्वित हुने जनाएका छन् । ४४ प्रतिशत सहभागीले पाकिस्तान-अमेरिका सुरक्षा सहयोगले अमेरिका लाभान्वित हुने र ११ प्रतिशतले दुवै मुलुक लाभान्वित नहुने बताएका छन् । सर्वेक्षेणअनुसार अतिवादी इस्लामिक तालिवानी र अलकायदालाई अमेरिका -पाकिस्तान सैनिक सहकार्यले सहयोग नपुर्‍याउने जनाउँछन् । अमेरिकाबाट भन्दा अतिवादी शक्तिबाट निकै कम चुनौतीको सामना गर्नुपर्ने सहभागीको धारणा छ । १० मध्ये ६ जनाले मात्र तालिवान र अलकायदा पाकिस्तानका लागि 'गम्भीर प्रभावशाली चुनौती' हुने बताउँछन् ।

तालिवान र अलकायदा समूहको समस्या अमेरिकी अथवा विदेशी सैनिक हस्तक्षेपले साम्य नहुने विचार सहभागीहरू व्यक्त गर्छन् । ५० प्रतिशत सहभागीका विचारमा पाकिस्तानी सेनाले नै यो समस्या सुल्झाउन सक्ने धारणा राख्छन् । पाकिस्तानी सेना फाटा (एफएटिए) मा प्रवेश गर्दैछ । त्यसपछि अतिवादीलाई नियन्त्रण गर्न अझ बढी समर्थ हुनेछ भन्छन् । फाटाको विशेष कानुनी स्थिति र यस क्षेत्रको एकीकरणले मुलुकको समुच्चा कानुनी संरचना बदलिने धारणा राख्छन् । सहभागीहरूको विचारमा तालिवानविरुद्ध सैनिक शक्तिको प्रयोग गर्नुभन्दा वार्ताको माध्यम अपनाउनु आवश्यक हुने धारणा छ । तर पाकिस्तानको केन्द्रीय सरकार भने सेनाकै बलमा तालिवानीहरूलाई दबाउने प्रयासमा छ ।

'इस्लामिक सिद्धान्तका आधारमा चल्ने दुवै बिद्रोही समूहलाई ठेगान लगाउन सरकारलाई सघाउनु आवश्यक रहेको धारणा सहभागीहरूले व्यक्त गरेका छन् । प्रजातान्त्रिक विचारको विकाससँगै स्वतन्त्र न्यायपालिका र निर्वाचनबाट आएका प्रतिनिधिहरूको अस्तित्व देखापर्दछ । १० मा ६ जना सहभागीले इस्लामिक कानुनको सकारात्मक विस्तारित भूमिका रहने धारणा व्यक्त गरेका छन् ।

४ मा ३ भन्दाबढी सहभागीले अल्पसंख्यकमाथिको आक्रमण कहिल्यै प्रमाणित हुन नसक्ने विचार व्यक्त गरेका छन् । तीन जनामा झण्डै दुई जनाले धार्मिक स्कुलको व्यवस्थापनमा सरकारले थप ध्यान दिनुपर्ने, मद्रसाको व्यवस्थापन गर्नुपर्ने र त्यहाँ हिसाव र विज्ञानजस्ता धर्मनिरपेक्ष विषय पनि पढाइनु पर्ने विचार व्यक्त गरेका छन् ।

सामान्यतया सारिया कानुन र सरकारले स्वीकार गरेका इस्लामिक सिद्धान्तको विस्तार हुनुपर्ने धारणा राख्ने सहभागीहरूसमेत लोकतान्त्रिक आदर्श र शैक्षिक सुधारका पक्षमा सहमत देखिन्छन् ।


बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली–७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल
फोन नं. ४–२६४१५५, ४–२६६४१८
फ्याक्स नं. २६४१५४


लाई :


npiktm@wlink.com.np